# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ४५३/२०७१/०७२

निर्णय नं. २६

बाँके जिल्ला गनापुर गा.वि.स. वार्ड नं. २ बस्ने नारायण पाल गडरिया ....................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, खनाल रोजिन एण्ड टरपिनटाईन उद्योग, गनापुर, बाँके ....................१ विपक्षी

सूचना अधिकारी, खनाल रोजिन एण्ड टरपिनटाईन उद्योग, गनापुर, बाँके ..................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनु ।

बाँके जिल्ला गनापुर गा.वि.स. वार्ड नं. २ बस्ने नारायण पाल गडरियाले रोजिन एण्ड टरपिनटाईन उद्योग, बाँके समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष २०७२।०३।२१ मा पुनरावेदन गरेको ।

यस सम्बन्धमा राष्ट्रिय सूचना आयोगको मिति २०७२।०४।२९ को आदेश बमोजिम माग भएको सूचना ७ (सात) दिन भित्र उपलब्ध गराउन रोजिन एण्ड टरपिनटाईन उद्योग गनापुर, बाँकेका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा च. नं. ३० मिति २०७२।०४।२९ को पत्र लेखी गएको । तत् पश्चात पुनरावेदकले मिति २०७२।१०।२५, २०७२।११।०२ र २०७३।०३।२९ मा आयोगको आदेश बमोजिम सूचना उपलब्ध नगराउने खनाल रोजिन एण्ड टरपिनटाईन उद्योग गनापुर, बाँकेका कार्यालय प्रमुख र सूचना अधिकारीलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारवाही गरी माग बमोजिमको सूचना उपलब्ध गराई पाउँ भनी पुन: उजुरी/निवेदन गरेको । तत् पश्चात आयोगबाट मिति २०७२।०४।२९ मा आदेश जारी भएको झण्डै एक बर्षसम्म पनि नेपाली नागरिकलाई सूचना उपलब्ध नगराउने खनाल रोजिन एण्ड टरपिनटाईन उद्योग, गनापुर, बाँकेका कार्यालय प्रमुख र सूचना अधिकारीलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिमको सजाय तर्फ आयोगले प्रक्रिया अघि किन नबढाउने ? तथा हालसम्म पनि पुनरावेदकलाई सूचना उपलब्ध नगराउनुको स्पष्ट कारण आयोगमा पठाउनू भन्ने व्यहोरा सहितको मिति २०७३।०३।३० मा पुन: आदेश भएको देखिन्छ ।

प्रस्तुत सन्दर्भमा वस्तुस्थितिको विश्लेषण गर्दा खनाल रोजिन एण्ड टरपिनटाईन उद्योग, गनापुर, बाँकेले पुनरावेदकले माग गरेको सूचना उपलब्ध गराउन नपर्ने कुनै कारण र तर्क देखिँदैन । साथै यस आयोगको पटक पटक आदेश जारी भएको लामो समयसम्म पनि पुनरावेदकलाई सूचना उपलब्ध गराएको जानकारी प्राप्त हुन नआएकोले के कति कारणले सूचना उपलब्ध गराउन आनाकानी गरेको हो

। सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को सजाय तर्फ आवश्यक प्रक्रिया अघि किन नबढाउने ? यसरी लामा अवधिसम्म सूचना उपलब्ध नगराउनुको स्पष्ट कारण ३ (तीन) दिन भित्र यस आयोगमा पठाउन र यस आयोगको मिति २०७३।०४।२९ को आदेश अनुसार ३ (तीन) दिन भित्र सूचना उपलब्ध गराउनू भनी सनाल रोजिन एण्ड टर्पिनटाईन उद्योग, गनापुर, बाँकेको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ। यो आदेशको पालना नभएमा निज कार्यालय प्रमुख र सूचना अधिकारीलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारवाही हुने व्यहोरा निजहरुलाई जानकारी दिनू। यसको जानकारी पुनरावेदकलाई पनि दिनू।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल भाद्र २३ गते रोज ५ शुभम्